# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/६/२ गते शुक्रवार देखि २०६६/६/८ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८१ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार २९१९ कारोबारबाट २५ करोड ४ लाख ३१ हजार रुपैयाँ बराबरका ३ लाख ५४ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४२.८४ प्रतिशतले ह्रास भएको हो । गत साता ४७७८ शेयर कारोबारबाट ४३ करोड ८१ लाख १३ हजार रुपैयाँ बराबरका १५ लाख २ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र १५ करोड १३ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६०.४२ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १.६५ अंकले वृद्धि भई अन्तिम दिन ६३०.५५ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६२९.८८ | ४३८.३५ | ३६६.८५ | ६५३.२४ | ८३३.२५ | २६६.२७ | ६०५.६७ | ६३५.६७ | ६५६.५१ | ६२८.९० | १६१.१२ | ५९.९१ |
| दोस्रो | ६३४.७५ | ४३८.३५ | ३६६.८५ | ६५७.९४ | ८३३.२५ | २६६.२७ | ६०५.९० | ६३६.४९ | ६५८.९६ | ६३२.७० | १६२.२८ | ६०.१८ |
| तेस्रो | ६३०.७६ | ४३८.३५ | ३६६.८५ | ६५७.९४ | ८३२.५७ | २६१.३० | ६०६.२१ | ६३८.३९ | ६५६.४८ | ६३०.४५ | १६१.६२ | ५९.९५ |
| चौथो | ६३१.२१ | ४३८.३५ | ३६६.८५ | ६५७.९४ | ८३१.८९ | २६१.३० | ६०६.६५ | ६३३.३९ | ६६२.०४ | ६३०.५५ | १६१.८० | ५९.९७ |
| परिवर्तन | १.३३ | ०.०० | ०.०० | ४.७० | १.३६ | -४.९७ | ०.९८ | -२.२८ | ५.५३ | १.६५ | ०.६८ | ०.०६ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.६८ अंकले वृद्धि भई १६१.८० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (७ करोड ४ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (७७ हजार कित्ता) को आधारमा पश्चिमाञ्चल विकास वैंक र कारोबार संख्या (३११ वटा) को आधारमा लम्विनी जनरल इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ७०.४० |
| २ | पश्चिमाञ्चल विकास बैंक | २७.५६ |
| ३ | लक्ष्मी बैंक | १८.८८ |
| ४ | नेपाल बंगलादेश बैंक | १५.४१ |
| ५ | नेपाल एसबिआई बैंक | १२.९५ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ४ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।